समृद्ध, सुन्दर साँफेबर,
बनाऔं राष्ट्रकै नमूना नगर

# साँफेबगर नगरपालिका,अछ्रामको आगामी आ.व.०७७/०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

# प्रस्तुत मिति २०७७ असार १० गते

**यस साँफेबगर नगरपालीकाको पाँचौं नगर सभा- २०७७ का सभा अध्यक्ष तथा नगर प्रमुख श्री कुल बहादुर कुँवर ज्यू,नगर सभासद ज्यूहरु,**

नेपालको संविधान बमोजिम साँफेबगर नगरपालिकाको आगामी आर्थिक बर्ष २०७७/७८ को नीति, कार्यक्रम तथा बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गर्व महशुस गरेको छु । मुलुकलाई निरङ्कुश सामन्ती शासन प्रणाली बाट जनताका प्रतिनिधी मार्फत राज्यको शासन सञ्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्र सम्म ल्याईपु-याउने क्रममा आफ्नो प्राणको आहुती गर्नुहुने ज्ञात अज्ञात वीर सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । इतिहासको त्यो संगिन मोडमा आफ्नो पारिवारीक र व्यक्तिगत स्वार्थको रत्तिभर प्रवाह नगरी निरन्तर राष्ट्र र राष्ट्रियता प्रति ओतप्रोत भई सदासर्वदा जनताको बृहत्तर हितका खातिर राष्ट्रहितमा समर्पित भई राष्ट्रको आमूल परिवर्तन गर्ने उद्धेश्यका साथ विभिन्न कालखण्डमा भएका आन्दोलनहरुको नेतृत्व गर्नुहुने ती अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

**आदरणीय अध्यक्ष महोदय,**

अब म यस साँफेबगर नगरपालिकाको आ.व.२०७६/०७७ मा नगरपालिकाले सम्पन्न गरेका आयोजना तथा कार्यक्रमको संक्षिप्त समिक्षात्मक विवरण तथा आ.व.०७७/७८ मा यस नगरपालिकाले लिएको नीति तथा कार्यक्रम र अनुमानित आय व्ययको संक्षिप्त बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## खण्ड- १

## साँफेबगर नगरपालिकामा चालु आ.व. ०७६/७७मा सम्पन्न भएका क्रियाकलापहरु:

### कोरोना भाइरस (कोभिड १९) महामारीः

- कोरोना रोकथाम नियन्त्रण रोकथाम तथा उपचार कार्यमा सहयोगको लागि नगरस्तरीय कोरोना भाइरस महामारी रोकथाम सहयोग समन्वय समिति गठन
- वडा स्तरीय कोरोना भाइरस महामारी रोकथाम सहयोग समन्वय समिति गठन
- कोरोना भाइरस रोगको नियन्त्रणका लागि नेपाल सरकारको घोषित बन्दा बन्दीका कारण असंगठित क्षेत्रका परिवारका श्रमिक तथा असहायहरु लाई २ पटक राहत सामग्री वितरण गरिएको ।
- प्रकोपल व्यवस्थापन कोषमा प्राप्त बजेट रकमबाट कोभिड १९ को क्षेत्रमा रही बयालपाटा अस्पतालमा १० शैयाको आइसोलेसन वार्ड स्थापना, सबै वडामा क्वारेन्टिन स्थापना र क्वारेन्टिनमा आवश्यक खाद्यान्न लत्ता कपडा तथा अन्य आवश्यक सामग्रीको व्यवस्थापन
- सबै स्वास्थ्य चौकी र बयालपाटा अस्पतालमा कोरोना भाइरस संक्रमणबाट बच्न स्वास्थ्यकर्मीहरुलाई पी.पी.ई., पञ्जा, मास्क लगायतका सामान वितरण गरीएको
- आरडीटी , भिटीए खरिद तथा कोरोना जाँच जस मध्ये नगरबाट RDT १४३३ र PCR ३०५ जनाको गरिएको
- बयालपाट अस्पताल र स्वास्थ्य कार्यालय अछ्रामले पनि थप RDT र PCR गरेको
- पिसिआर परिक्षणका लागि स्वाब संकलन गरी प्रादेशिक अस्पताल धनगढि पठाईएको

- नगर प्रमुखको संयोजकत्वमा ५ सदस्यीय संकट/ प्रकोप व्यवस्थापन केन्द्र गठन
- सुरक्षाकर्मीहरुलाई मास्क बिस्कुट र  पानीको व्यवस्था गरी सहयोग गरिएको ।
- प्रदेश सरकार बाट आर्थिक अनुदान,RDT र VTM प्राप्त
- कोरोना भाइरस महामारी नियन्त्रण तथा आवश्यक सजगताका लागि नगर प्रमुख ज्यूद्धारा विभिन्न समयमा नगरपालिकाको तर्फबाट प्रेस विज्ञप्ती जारी भई सञ्चार माध्यमबाट समेत जानकारी गराईएको ।
- कोरोना भाइरस महामारी नियन्त्रण तथा आवश्यक सजगताका लागि विभिसन्न सञ्चार माध्यमका साथै फ्लेक्स प्रिन्ट व्यानर मार्फत चेतनामंलक सन्देश प्रसारण गरिएको ।
- साँपेबगर विमानस्थलमा हेल्थ डेस्क स्थापना गरीएको ।
- नगरपालिकामा कार्यरत कर्मचारी र जनप्रतिनिधीहरु गरी ४२५ जनाको रु. १ लाखको कोरोना विमाको व्यवस्था गरिएको ।
- काठमाण्डौंमा अलपत्र अवस्थामा रहेका मानिसहरुलाई उद्धार गरी ल्याईएको ।
- विभिन्न संघ संस्था तथा व्यक्तिबाटनगद तथा राहत सामग्री प्राप्त
- हाल सम्म क्वारेन्टाईनमा जम्मा १६१४ जना बसेका र जसमध्ये १००० घर फर्किसकेका र ६१४ जना क्वारेन्टाईनमा रहेका

**स्वास्थ्य :**

- वडा नं. १ बैजनाथ  र वडा नं.६ भागेश्वरलाई पोषणमैत्री स्थानीय शासन घोषणा गरिएको ।
- वडा नं.८ चण्डिकामा शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण
- वडा नं. १३ बाब्लामा प्रसुतिगृह निर्माण
- खप्तडमा ल्यावको स्थापना
- साँफेबगर नगरपालिकाको सिमानामा पोषण सम्बन्धि होडिङ बोर्ड राखिएको
- वडा नं.११ देविस्थानमा परिवार नियोजन क्याम्प संचालन
- दादुरा रूबेला खोप अभियान संचालन
- कोभिड – १९ सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरू संचालन
- क्वारेन्टाइर्नमा रहेका ब्यक्तिहरूको स्वास्थ्य परिक्षण गरिएको
- RDT  र  Swab Collection गरिएको

## सुचना प्रविधि :

**आ.व.  २०७६-७७ मा सुचना प्रविधि क्षेत्रमा गरिएका कार्यहरु:**

१) इन्टरनेट जडानका लागि सवै वडामा सर्भे सम्पन्न।

२) आ.व. २०७६-७७ मा पारित निति, निर्णयहरु र बजेटलाई साँफेबगर नगरपालिकाको वेबसाइट www.sanfebagarmun.gov.np र डाटा पोर्टल  sanfebagar.susasan.org मा अपडेट ।

३) विद्धालयको नतिजा प्रकाशनका लागि विद्धालयका प्रतिनिधिहरुलाई IEMIS बारे ३ दिने अभिमुखिकरण कार्यक्रम।

४) डाटा पोर्टल र सूचना प्रविधि सम्बन्धी नगरका प्रयासहरुबारे विभिन्न चरणमा मालिका विकास संघ संग समुन्नवय गरि कार्यक्रम सञ्चालन।

५) पूर्वाधार व्यवस्थापन प्रणालीको परिक्षण र सम्पूर्ण विवरण अपडेट गरि खुल्ला तथ्याङ्क दिवसको अवसर पारी उद्घाटन।

६) ई-सिफारिसमा आवश्यक सुविधा थप गरि परिक्षण गर्ने काम सफल।

७) अछाम जिल्लाका १० वटै स्थानिय तहलाई मध्यनजर गरि २०७६ फागुन १ र २ गते "स्थानिय सरकारमा सूचना प्रविधिको प्रयोग सम्बन्धी सिकाई आदान प्रदान गोष्ठी" को आयोजना ।

८) विभिन्न विभाग र मन्त्रालयलाई साँफेबगर नगरपालिकाका कार्ययोजनाबारे जानकारी गर्नमा सहजिकरण।

## पशु सेवा :

१. खोप सेवा संचालनअर्न्तगत ५००० पशुमाखोरेत रोग विरुद्धको FMD खोप लर्गाएको छ भने भेटेरीनरी अस्पताल तथापशु सेवा विज्ञ केन्द्र वाजुराको समन्वयमा १०००० बाखामापि.पि.आर खोप लगाउने कार्य सम्पन्नभएको छ ।

२. हाल सम्मपशु सेवाशाखामार्फत ८८०० पशु पंछीको उपचार सेवाप्रदान गरेको छ ।

३. हरियो घास उत्पादनको लागी १२ कुण्टल बर्षिम र जै घासको विउखरिद तथावितरण ।

४. नयाँ नियुक्त७जनाप्राविधिकहरुलाई सेवा प्रवाह सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न .

५. बहुक्षेत्रियपोषण योजनाअर्न्तगत ३६० जना सुनौला १००० दिनकाआमाहरुलाई एक दिने कुखुरा पालन सम्बन्धीअभिमुखीकरण कार्यक्रम संचालन गरी दानापानिखुवाउने भाडाकुडा वितरण सम्पन्न ।

६. बहुक्षेत्रियपोषण योजनाअर्न्तगत ३६० जना सुनौला १००० दिनकाआमाहरुलाइकुखुराकाचल्लावितरणकार्य प्रक्रियामा रहेको ।

## कृषि

१) नगरस्तरीय अगुवा कृषक तालीम सम्पन्न भएको ।
२) स्थलगत घुम्ति तालिम ५ वटा स्थानमा सम्पन्न भएको ।
३) आकस्मिक बाली संरक्षण सेवाकार्यक्रम सम्पन्न भएको ।
४)हिउँदे फलफुल बिरुवा७५ प्रतिशत अनुदानमा १००० वटा बिरुवा वितरण कार्यक्रम सम्पन्न भएको ।
५) कृषि मेला प्रदर्शनी कार्यक्रम सम्पन्न भएको ।
६) गहुँको बीउ ५० प्रतिशतअनुदानकार्यक्रम सम्पन्नभएका
७)हिउदे आलुको बीउ ५० प्रतिशत अनुदान कार्यक्रम सम्पन्न भएको ।
८) हिउँदे तरकारी कम्पोजिट किट बीउ (३५०० वटा ) वितरण अनुदान कार्यक्रम सम्पन्नभएको
९) बहुक्षेत्रिय पोषण योजना अन्तर्गत २२०० जना सुनौलो हजार दिनका आमाहरु र किशोरीका लागि तालिम अभिमुखिकरण र बिउँ वितरण कार्यक्रम सम्पन्न भएको ।
१०) कृषक पाठशाला कार्यक्रम सञ्चालनमा रहेको ।
११) भकारो सुधार कार्यक्रम सञ्चालनमा रहेका ।
१२) साना सिचाई कार्यकम सञ्चालनमा रहेको ।

# शिक्षा

१. विभिन्न विद्यालयहरुमा भौतिक निर्माण कार्य सञ्चालन भइरहेको
२. शैक्षिक अनुदान कार्यक्रम सञ्चालन
३. बालविकास केन्द्रका सहजकर्ता हरुलाई ५ दिने शैक्षिकसामग्री निर्माण तथा ब्यबस्थापन तालिम
४. ४० औ राष्ट्रिय शिक्षा दिबस बक्तृत्वकला प्रतियोगिता कार्यक्रमसम्पन्न
५ . बालविकास केन्द्रको वर्तमान अवस्था नगरको धारणा कार्य प्रगतिसम्बन्धि अन्तरक्रिया सम्पन्न

६. संबिधान दीबस को उपलक्ष्यमा अन्तर मा.बि. स्तरीय छाउपडीगोठन्युनिकरण सम्बन्धि बक्तृत्वकला प्रतियोगिता
७. शिक्षामा स्थानीय सरकारको भूमिका बिषय सम्बन्धि अन्तरक्रिया
८. सामुदायिक सिकाई केन्द्रको अवस्था पहिचान कार्यमूलक साक्षरताकोसमिक्षा
९. बिध्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत किसोरिहरुलाईआइरन फोलिक एसिड खुवाउने १०सम्बन्धि अभिमुखीकरण
११ . रास्ट्रपति रनिग शिल्ड नगरस्तरीय खेलाडी छनौट प्रतियोगिता संचालन
१२. साक्षर नगर घोषणा कार्यक्रमलाई महिला दोहारी न्याउले प्रतियोगिताकार्यक्रमकाका साथ घोषणा सभा सम्पन्न
१३. सेतोगुराँसबाल विकास सेवा द्वारा बाल शिक्षा केन्द्रकोयोजनातर्जुमा अभिमुखीकरण
१४. माध्यमिक विद्यालयका कर्मचारीहरुलाई कक्षा ८ परिक्षा सम्बन्धीसफ्टवेयरमा डाटा इन्ट्री सम्बन्धी तालिम सम्पन्न

## सामाजिक सुरक्षा

यस नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता पाउने सबै लाभग्राहीहरुलाई प्रथम र दोस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता रकम निम्नानुसार वितरण गरिएको छ भने तेस्रो चौमासिक किस्ता रकम वितरण गर्ने प्रक्रियामा रहेको छ ।

सामाजिक सुरक्षा भत्ता वितरणको विवरण प्रथम चौमासिक (श्रावण देखिकार्तिक सम्म)

जम्मासंख्या -८१०४

जम्मा वितरित रकम -४ करोड ६२ लाख २२ हजार

**२०७६ बैशाख देखि २०७६ चैत्र सम्मको ब्यक्तिगत घटना दर्ताको विवरण**

| क्रसं. | महिना | जन्मदर्ता | | | मृत्युदर्ता | | | विवाह दर्तासंख्या | बसाईसराईदर्ता | | | | सम्बन्धविच्छेदसंख्या | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्तासंख्या | गएकोसंख्या | आएकोसंख्या | बसाईसराईकोसंख्या | | | |
| | | १०७२ | ११६९ | २२४१ | ५६ | २०० | २५६ | २८० | १४४ | ४१२ | १५ | ४२७ | ० | २९२१ | – |

## महिला, बालबालिका तथा लक्षित वर्ग

| क्र.सं. | सम्पन्न कार्यक्रमहरू |
|---|---|
| १ | **लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान** |
| २ | **अपाङ्गता परिचय पत्र वितरण** |
| ३ | **तिज कार्यक्रम वडा तह र नगरमा सम्पन्न** |
| ४ | **धेरैजसो वडा छाउपडी गोठमुक्त घोषणा भइसकेकोले नगर घोषणा अन्तिम चरणमा रहेको ।** |
| ५ | **जेष्ठ नागरिकका पीर मर्का सम्बोधनका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न ।** |

## प्रधानमन्त्री रोजगार कार्यक्रम :

- बेरोजगारहरुको फारम रितपूर्वक पूर्ण विवरण सहितको निवेदन प्राप्त भएका बेरोजगारहरुको विवरण रोजगार व्यस्थापन सुचना प्रणाली (EMIS) माप्रविष्ट गरेको ।
- रोजगार व्यवस्थापन सुचना प्रणालीमा आ.व.२०७६/७७ का लागि १७८७ जना बेरोजगार व्यक्तिहरु को सुचिनिर्धारण भएको ।

- आ.व.२०७६/७७ को लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को लागि मन्त्रालयबाट १२७ आयोजनाहरु स्वीकृत भएको ।
- आ.व.२०७६/७७ को लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अन्तर्गत योजना सञ्चालनको लागि शसर्त अनुदान रु.६५५०००० ।– विनियोजन भएको ।
- मन्त्रालयबाट स्वीकृत आयोजनाहरु मध्येबाट २१ वटा आयोजनाहरु यस आ.व.मा १४ वटै वडमा सञ्चालन भैरहेको ।

## विद्युत तथा उर्जा

**खप्तड लघु जल विद्युत आयोजना सम्पन्न हुनुका साथै राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।**

## सडक निर्माण

१। वडा नं. १२ खप्तडलाई सडकसञ्जालमा जोडिएको ।

## संघ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः

| | | | |
|---|---|---|---|
| बाडेसाल तटबन्धन निर्माण कार्य | 1000000 | 100% | |
| कालेखोला रसकाडा सुगरखालशिचाई कुलो निर्माण | १००००००. | 80 | निर्माणधीन |
| आम खेतशिचाई कुलो निर्माण | १५०००००० | 80 | निर्माणधीन |
| कृष्णमा.विघेरापर्खाल | 1425000 | 80% | निर्माणाधीन |
| जनता बहुमुखी क्याम्पस अधुरो भवन निर्माण | 7500000 | | निर्माणाधीन |
| सुगरखाल वुढाकोट सडक निर्माण | १५००००००/- | १००% | |
| खप्तडआधारभूत विद्यालय | 2000000 | 30% | |
| राष्ट्रिय मा वि घेरा पर्खाल | | 90% | |
| वुढाकोट पातलकोट सडक निर्माण | १५००००००/ | १००% | सम्पन्न |

## प्रदेश स्थानीय पूर्वाधार विकास सांझेदारी कार्यक्रम:

प्रदेश स्थानीय पूर्वाधार विकास सांझेदारी कार्यक्रम अन्तर्गत प्रदेश सभा सदस्य माननीय श्री हर्क बहादुर कुँवर (गोबिन्द) ज्यु द्वारा नगर क्षेत्रमा विभिन्न योजनाहरु कार्यन्वयनमा रहेको ।

## सुदुरपश्चिम प्रदेश सरकारका योजनाहरु :

| | | | |
|---|---|---|---|
| शहिद शारदा स्मृती पुस्तकालय निर्माण कार्य | 2700000 | 40% | निर्माणधीन |
| सुर्य चन्द्र मा.वि. छात्रावास निर्माण कार्य | 3700000 | 40% | निर्माणधीन |
| त्रिपुरा सुन्दरी क्याम्पस चार कोठा भवन निर्माण | 2995640 | 40% | निर्माणधीन |
| | ८०२०००. | | |
| नवदुर्गा प्रा,वि भवन निर्माण | २००००००० | 20% | संचालित |
| वडाकार्यालयदेखि कोट सम्म सडक निर्माण | ५०००००० | 0% | सम्झौताभएको |
| तुक मावि घेरा पर्खाल तथा फर्निचर | 1504000 | 5% | निर्माणधिन |

पर्यटन विकास

- **पर्यटन गेटहरु** निर्माणाधीन
- **विभिन्न ठाउँहरुमा मन्दिर निर्माण ।**
- धवलछडा बाटो निर्माण ।
- वैद्यनाथ धाम चौतारा तथा पर्खाल निर्माण ।

**कपाल देखी कम्प्युटर तालिम अन्तर्गतः**

- **विभिन्न सीपमूलक तालिममा सहभागी हुन काठमाण्डौं पठाईएको**
- **अचार, बेकरी, नास्ता बनाउने, कागजको झोला बनाउने र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम सम्पन्न**
- **तालिममा उत्कृष्ट भएकाहरुलाई आर्थिक सहयोग र व्यवसाय सञ्चालन गरेका केही व्यक्तिलाई व्यवसाय सञ्चालनमा आर्थिक सहयोग गरिएको ।**

## नगर अनुगमन तथा सुपरिवेक्षण समिति:

**हालसम्म ४७ वटा योजनाहरुको अनुगमन,मूल्याङ्कन तथा सुपरिवेक्षणगरी सोको प्रगति प्रतिवेदन नगरपालिकामा पेश गरेको ।**

### न्यायिक समिति:

- न्यायिक समितिमा ६ वटा आलीधुर, कुटपिट, घरेलु हिंसा र लेनदेन सम्बन्धिका मुद्धाहरु दर्ता हुन गई ४ वटा मुद्धा मेलमिलापको माध्यमद्वारा फछ्र्यौट गरिएको र बाँकी २ वटा मुद्धा फछ्र्यौट हुने प्रक्रियामा रहेको ।
- न्यायिक कार्य सहज सरल र विधिसम्मत प्रक्रिया बाट कार्य सम्पादन गर्न आ.व. ०७६/७७ मा कानुन शाखाको स्थापना भई न्यायिक समितिको निर्देशन बमोजिम सोही शाखा मार्फत कानुनी कार्यहरु सञ्चालन भईरहेको ।

## खण्ड -२

# आ.व. २०७७।७८ को नीति तथा कार्यक्रमहरू

## स्वास्थ्य

- हाकल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड -१९ महामारीको नियन्त्रण तथा रोकथामको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- प्रसुति केन्द्र संचालन नभएका स्वास्थ्य संस्थाहरूमा प्रसुति केन्द्र स्थापना गर्ने (नवाठाना, चण्डिका र मष्टामाण्डौमा),

- स्वास्थ्य संस्थाहरूमा सूचना तथा प्रविधि प्रणालीको विस्तार गरि सबैस्वास्थ्य संस्थाहरूमा Online Reporting लागु गर्ने
- क्रमसःसबै वडाहरूलाई पोषणमैत्री स्थानीय शासन वडा घोषणा गर्ने,
- पूर्ण विमित स्वास्थ्य कार्यक्रम सबै वडाहरूमा प्रभावकारी रूपमा लागु गर्ने
- स्वस्थ विध्यार्थी अभियान संचालन गर्ने,
- नगर प्रमुख संग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिने,
- गर्भवती सँग उप प्रमुख कोसेलीकार्यक्रम संचालन गरिने,
- विद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ ।
- किशोर किशोरी यौन शिक्षा तथा बृहत यौनिकता शिक्षा र परिवार नियोजन कार्यक्रम सञ्चालन गरिने छ ।
- राष्ट्रिय स्वास्थ्य विमामा सबै नगरबासीको पहुँच अभिवृद्धि गरी  राष्ट्र्य स्वस्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

**<u>बहु क्षेत्रीयपोषण :</u>**

- एकीकृत पोषणका कार्यक्रमहरु संचालन भएका वडा तथा टोलहरुमा कार्यक्रमको दगिोपनाका लागी नियमित अनुगमन तथा मुल्यांकन गर्न वडा समिति,वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति, स्वास्थ्यकर्मीहरु तथा सरोकारवालाहरु सबैको सक्रिय सहभागीता गरिनेछ ।
- नगरपालिकालाई पुर्ण सरसफाईयुक्त नगरपालिका बनाउने अभियानलाई तिब्रताका साथ अघि बढाइने छ ।
- नगरपालिकालाई पोषण मैत्री स्थानीय शासन अवलम्वन स्थानीय तह बनाउने अभियानसंचालन गरिने छ।
- ***"एक घर एक करेसावारी, बाह्रै महिना हरियो तरकारी"***अभियानलाई तिब्रताका साथ संचालन गरिने छ ।

**<u>पशु सेवा :</u>**

१. कृषि तथा पशुपंक्षीको तथ्यांक अध्यावधिक गरिनेछ ।

२. नेपाल सरकार कृषितथा पशुपंछी विकासमन्त्रालय ले आगामी ३ वर्षमामुलुकलाई दुध, मासु र अण्डामा आत्मनिर्भर गर्ने नितिर लक्षअनुसारतथाविश्वब्यापीमाहामारी कोभिड १९ ले पारेको आर्थिक असर कमगर्नपशु जन्यपदार्थको उत्पादन बृद्धि गरी यस नगरपालिकालाई पनिआत्मनिर्भर बनाउनपशुपालनब्यबसाय संचालनगर्न विदेश बाट फर्केकातथा वेरोजगार यूवाजनशक्तिलाई प्रोत्साहन गरी यूवालक्षितकार्यक्रमलाई जोड दिईने छ ।

३. विश्वकै सानो र दुर्लभ अछामी नौमुठे गाईको संरक्षण, समवर्द्धन, प्रवर्द्धन विशेष जोड दिइने छ । साँथै उत्पादन रउत्पादकत्व बढाउन पहलगर्ने ।

४. भैंसी पालनको लागि साना व्यवसायी कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यकम सञ्चालन गरिने छ ।

**<u>सुचना प्रविधि :</u>**

१) कोभिड- १९ ले गर्दा आ.व.७६-७७ मा नेटवर्किङका लागि टेन्डर प्रक्रिया अघि बढाउन नसकेको कामलाई प्राथमिकताका साथ आ.व. ७७-७८ को प्रथम चौमासिक भित्र इन्टरनेट जडान गरि वडा कार्यालयको सेवा प्रवाहमा सहयोग गरिनेछ।

२) वडा र नगरबाट हुने सिफारिसहरुमा एकरुपता ल्याउन ई-सिफारिस प्रणालीको सम्पूर्ण कार्य सम्पन्न भईसकेका छ र आ.व.७७-७८ को सुरुवात देखि नै उक्त प्रणालीको प्रयोग गरि नगर र वडाको काम सहज गरिनेछ।

३)	दर्ता चलानीलाई व्यवस्थित गर्न दर्ता चलानी व्यवस्थापन प्रणालीको प्रयोग गरिनेछ। यस प्रणलीको प्रयोगबाट नगरका सम्पूर्ण पत्रको उचित व्यवस्थापन गर्नुका साथै Track पनि गर्न सकिनेछ।

४)	शिक्षा क्षेत्रमा ICT सम्बन्धित अन्तरक्रिया र अभिमुखीकरण कार्यक्रम गरिनेछ।(साइबर क्राइम, सूचना प्रविधिको उपयोगिता)

५)	सम्बन्धित सेवा प्रदायकसंग समुन्वय गरि अनलाईन सिकाई प्रणाली कार्यान्वयनमा ल्याइनेछ(प्रभा धम्कोट)।

६)	वडा न. ३ साँफेहाटबजार र वडा न. ४ एरपोर्ट बजारलाई WIFI free zone बनाउनुका साथै उक्त स्थानमा सुरक्षालाई मध्यनजर गरि CCTV जडान गरिनेछ।

७)	गुनासो व्यवस्थापन प्रणालीको उपयोगिताका लागि थप जोड दिइनेछ।

८)	आ.व. २०७६-७७ मा प्रयोग गरिएका प्रणालिलाई प्राथमिकता दिदै यसको monitoring मा जोड दिएर सेवा प्रवाहमा प्रभावकारी बनाइनेछ।

९)	आ.व. २०७६-७७ बाट सुरु गरिएको “पूर्वाधार व्यवस्थापन प्रणाली” लाई आ.व. २०७७/७८ मा सुरुवातबाट नै अधिकतम प्रयोग गरिनेछ।

## कृषि विकास :

१. नगरपालिकाको केही ठाउँहरुमा कृषक प्रतिक्षलय निर्माण गरिने छ ।

२.नगरको १४ वटै वडाको भौगोलिक हावापानि अनुसार सुहाउदो हिउदे र बर्षे फलफुल उत्पादन गर्न ५० प्रतिशत अनुदानमा फलफूलका विरुवा वितरण गरी कृषक लक्षित प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

३. नगरभित्र समेटिएको कृषि क्षेत्रमा पर्ने केहि बिशेष बालीको उत्पादन पकेट क्षेत्र निर्माणका लागि बढावा गर्न एकिकृत शत्रु जीव व्यवस्थापन कार्यक्रम सञ्चालनमा ल्याई कृषकहरुलाई दक्ष बनाउने नीति अवलम्वन गरिनेछ ।

४. कृषकहरुले उत्पादन गरेका बालीहरुमा हुन सक्ने जोखिमको मूल्यांकन गरी सम्भाविते क्षेतिको न्युनिकरण गर्न तथा कृषकलाई राहत प्रदान होस भन्ने हेतुले बाली बिमा कार्यक्रमलाई जोडतोडका साथ अगाडी बढाउने नीति लिईनेछ ।

५ .नगरभित्रको खाद्यान्न बाली धान,गहुँ, मकै र आलु उत्पादन कार्यमा ५० प्रतिशत बीउ अनुदानको व्यवस्था गरी किसानलाई वीउविजन वितरण गरिनेछ ।

६. नयाँ बहुउद्धेश्यीय नर्सरी स्थापना गरिनेछ ।

७ .राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुरयाउने बाली वस्तुको साना व्यवसायी कृषि उत्पादन केन्द्र विकास कार्यक्रम गरिनेछ ।

८. कृषक दर्ता वल्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।
९. कृषि तथा पशुपंक्षीहरु सम्बन्धि तथ्यांक अध्यावधिक गरिदैं लगिनेछ ।
१०. व्यवसायिकरुपमा पुष्प खेती व्यवसाय गर्न किसानहरुलाई आकर्षित गर्न विशेष कार्यक्रम सञचालन गरिनेछ ।

## उद्योगः

- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा वृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गरिनेछ ।

- प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ ।
- प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यमी स्तरोन्नती आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने ।

## जलस्रोत तथा सिंचाईं

- लघु तथा जल विद्युत आयोजना बाट विद्युत उत्पादन कार्यमा सहयोग गरिनेछ ।
- सूचकहरुको आधारमा केही बस्तीहरुमा सौर्य उर्जा प्रविधि जडान गरिनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरणः

- समाजमा रहेका कुरिती, लैंगिक हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ ।
- महिला सहकारी संस्थाहरुको सुदृढिकरणका लागि बजेट व्यवस्था गरिनेछ ।
- महिला उद्यमीहरुको पहिचान गरी उनीहरुको सञ्जाल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- **सामाजिक,आर्थिक र राजनितिक रुपले पछि परेका विपन्न, दलित तथा एकल महिलाहरुलाई क्षमता विकासका लागि तालिमहरुको आयोजना गरिनेछ ।**
- **बालबालिकाहरुको हक,अधिकार संरक्षण, सम्वर्द्धन र बालविवाह न्युनिकरणका लागि बालक्लब गठन र क्षमता विकास तालिमहरुको आयोजना गरिनेछ ।**
- **भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाउने तथा अनाथ व्यक्तिहरुको लागी सहयोग तथा सशक्तिकरण गर्ने नीति लिईनेछ ।**
- **समाजमा रहेका एच. आइ.भी. संक्रमित, एकल महिला र पुरुषहरुका लागि जिवीकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ ।**

## शिक्षा

- शिक्षण कार्यलाई निरन्तरता प्रदान गर्न शिक्षकहरुद्धारा रेडियो पाठशाला शिक्षण कार्यक्रम वा अन्य बैकल्पिक कक्षा शिक्षण ब्यबस्थापनमा ध्यान दिने
  - बिद्यालयमा सिकाई सामाग्रि □शिक्षक कर्मचारीहरुलाई तालिमको ब्यवस्था गर्ने
  - बालबिकास केन्द्र शैक्षिक र ब्यबस्थापकिय पक्षमा सूदृढिकरण
  - बिद्यालय समायोजन तथा शिक्षक दरबन्दि मिलान कार्य लाइ निरन्तरता दिन
  - बिध्यालयमा सेनिटरी प्याडको ब्यवस्था गरिनेछ।
  - बाल तथा अपागं मैत्रि धारा□शौचालय निर्माण तथा खानेपानीको उपलब्धता हरित बिद्यालय बनाउनका लागि नगरपालीका गै.स.स.,वडा तथा बि.ब्य.स.संग समन्वय गरि समश्या समाधान गर्ने ।
  - सूचना प्रबिधिको पहूच, नेट, आइ.सी.टी. र कम्प्यूटरको ब्यबस्थापनमामा जोड
  - खेलकूद र बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालनमा निरन्तरता दिने
  - विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम लाई निरन्तरता दिइनेछ।

## सामाजिक सुरक्षा

१. सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई वैङ्किकङ्ग प्रणालीमा विस्तार गर्ने आवश्यक प्रक्रिया अगाडि बढाईने छ ।

२. सामाजिक सुरक्षा भत्ता पाउने १४ वटै वडाका लाभग्राहीहरुको विवरण सहितको अभिलेख अद्यावधिक गर्दै अभिलेख व्यवस्थापन कार्यलाई चुस्त दुरुस्त बनाउने नीति अवलम्वन गरिनेछ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको नाम नामेसी यस नगरपालिकाको वेभ साइटमा राखी सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीलाई अनिवार्य रुपमा परिचय पत्र उपलब्ध गराउन आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।

५. व्यक्तिगत घटना दर्ता कार्यलाई अनलाइन प्रणाली मार्फत संचालन गर्न सबै वडाहरुमा इन्टरनेट सेवा विस्तार गरिनेछ ।

## न्यायिकः

- न्यायिक निरुपणका लागि यस नगरपालिकाको न्यायिक समितिमा दर्ता हुन आउने विभिन्न मुद्धा तथा उजुरीहरुलाई अनलाइन प्रणाली मार्फत दर्ता गर्ने प्रक्रिया तदारुकताका साथ अगाडी बढाइनेछ

## संगठन विकास तथा सुशासन :

१. प्रशासनलाई प्रभावकारी वनाउन कर्मचारीलाई बदलिदो परिस्थति अनुसारको सिप, ज्ञान र क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका तालिमको आयोजना गरिनेछ ।

२ . सर्वोत्कृष्ट कार्य गर्ने १ जना कर्मचारीलाई रु.५० हजार र उत्कृष्ट कार्य गर्ने २ जना कर्मचारीहरुलाई जनही २५ हजारका दरले पुरस्कृत गर्ने नीति लिइनेछ।

३.सार्वजनिक सुनुवाई, सार्वजनिकलेखा परीक्षण, सामाजिक परिक्षणलाई अनिवार्यरुपमा अवलम्बन गरी सुशासन र पारदर्शिता प्रवर्द्धनमा जोड दिइने छ ।

४. वडाको राजश्व क्षमता तथा कार्य सम्पादनको आधारमा त्यहाँ कार्यरत कर्मचारीको सेवा सुविधा थप गर्न सकिने छ ।

५. नगरपालिकाको करार सेवाको कर्मचारीले पहिले देखि नै पाउदै आएको पोशाक भत्ता रु. १० हजार लाई निरन्तरता दिईनेछ ।

६. वडा तहको अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।

७. सूचकाङ्कको आधारमा वडा तथा जनप्रतिनिधीहरुलाई सम्मान गरिनेछ ।

## आर्थिक प्रशासन तथा राजश्व परिचालन :

१.नगरपालिकामासबैभन्दा बढी कर तिर्ने उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिइने छ

२. कर वृद्धि गर्नुभन्दा पनि करको दायरा फराकिलो पारी सबै व्यवसायीहरुलाई करको दायरामा ल्याइने छ ।

## वन वातावरण तथा भुसंरक्षण:

- पहिरो नियन्त्रण र भू-संरक्षणका लागि वृक्षारोपण कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ।
- पानीको मुहान संरक्षणका लागि रिचार्ज पोखरी र दहहरु निर्माण गरिनेछ ।
- वन कार्यालयको समन्वयमा वन पैदावरको चोरी निकासी तथा जंगल संरक्षणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।

- सामूदायिक वनको संरक्षण गरी व्यवस्थित गरिनेछ ।

## युवा तथा खेलकूद :

- खेलकुद विकासका लागि खेलकुद सामाग्री, खेलमैदान, तथा खेलकुद पुर्वाधार विकास तथा निर्माणको कार्यलाई प्राथामिकता दिइनेछ ।
- युवा क्लब गठन तथा नमूना युवा संसद अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा प्रतिभाहरुको पहिचान गरी उनीहरुलाई प्रोत्साहन गरिनेछ ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिइननेछ ।
- युवा परामर्श कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।
- बढ्दो बेरोजगारी समस्यालाई दृष्टिगत गरी युवा उधमी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक जागरण रुपान्तरण र सम्बृद्धिका लागि यप्वा परिचालन कार्यक्रम सञ्चालन गरिनेछ ।

**शान्ति तथा सुव्यवस्थाः**

- घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गरिनेछ ।

## पर्यटन संस्कृति :

क) परम्परागत चाडपर्व, कला संस्कृतीको विकास, संरक्षण र संबद्धन गरिनेछ ।

ख)पर्यटकीय सम्भाव्य क्षेत्रको प्रचार प्रसारका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

ग)पर्यटन विकासको लागि सरकारी तथा गैरसरकारी निकायसँग नगरपालिकाले समन्वय गर्ने नीति अवलम्वन गरिनेछ ।

घ) नगरभित्र पर्यटन पूर्वाधार (खानेपानी, विश्राम गृह, संकेत बोर्ड, पैदल मार्गको स्तरोन्नती) को विकासलाई प्राथमिकतामा राखी सोही मुताविक कार्यकम सञ्चालनमा जोड दिइनेछ ।

ङ)पर्यटकीय गन्तव्यहरुमा स्थानीयवासीलाई कुक, गाइड, अतिथि सत्कार जस्ता तालिमहरु प्रदान गरी स्थानीय रोजगारी सिर्जना गर्ने नीति लिइनेछ।

## खानेपानी तथा सरसफाई :

१. नगर क्षेत्र भित्र स्वच्छ र सुलभ रुपमा खानेपानीको आपुर्तीको व्यवस्था गरिनेछ ।
२. फोहरमैलाको उचित व्यवस्थापन गर्ने नीति लिईनेछ ।
३. नगर क्षेत्र भित्रको फोहरमैला व्यवस्थापन गर्न डम्पिङ साईटनिर्माणकालागि जग्गाको व्यवस्था गर्नेप्रक्रिया अघि बढेकोलेडम्पिङ साइटको निर्माण कार्य तिब्रताका साथ अगाडी बढाइनेछ ।
४. पुर्ण सरसफाई नगर घोषणा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

**प्रधानमन्त्री रोजगार कार्यक्रमः**

-देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागि यस स्थानीय तहका बेरोजगारव्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आह्वान गरी रोजगार सेवाकेन्द्रमा सूचिकृत गरिनेछ।

-स्थानीय तहको रोजगार सेवा केन्द्रमासूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरुतथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरीन्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ।

-COVID-19 को कारणबाटबैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएकाव्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ।

-दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रवर्धनगर्नआवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार ब्यक्तिलाई सीपमूलक तालिम सञ्चालन गरिनेछ।

-संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व ग्रहण गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ।

-आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सहकारी क्षेत्र सँगको समन्वय र सहकार्यमा जोड दिइनेछ।

-बैदेशिक रोजगारी बाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरीस्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगारमूलक कार्यमासंलग्न स्थानीय यूवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।

--रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ।

-यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागिपारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुलाई थप सशक्त रुपमा सञ्चालनगरिनेछ।

## विद्युत तथा उर्जा :

विद्युत नपुगेको वडा पातलकोटमा विद्युत पुरयाउन प्राथमिकता दिईनेछ ।

## सीप विकास :

१. कपाल देखि कम्प्युटर सम्म सीप विकास तालिम कार्यक्रमलाईयस बर्ष पनि निरन्तरता दिईनेछ ।

२। लक्षित बर्गलाई विभिन्न सरकारी तथा गैर(सरकारी संस्थाहरुसंग समन्वय गरी सीपमूलक तालिम प्रदान गरी शसक्तिकरण गरीनेछ

३. स्थानीय स्रोत साधनमा आधारित रही स्वरोजगारी सिर्जना हुने गरी सीपमूलक तालिम सञ्चालनमा जोड दिइने छ।

४. तालिम लिई व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिहरुलाई नगरपालिका बाट गरिने सहयोगलाई निरन्तरता दिईनेछ

## पुर्वाधार विकास तथा वातावरण व्यवस्थापनः

- नगरपालिकाले भौतिक पुर्वाधार मापदण्ड निर्माण गरी लागू गरिनेछ ।
- सवै प्रकारका सार्वजानीक भौतिक संरचनाहरु समावेशी हुनेछन ।
- नगरपालिकाले निर्माण गर्ने सवै प्रकारका भौतिक पुर्वाधार संरचनाहरु उपभोक्ता समूह वा समूदायमा आधारीत समूह वा संस्थाहरु मार्फत सञ्चालन गरिने तर प्राविधिक दृष्टिकोणले उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्न कठिनाई हुने आयोजनाहरुको हकमा उक्त आयोजनाहरुको निर्माण कार्य ठेक्का प्रणाली मार्फत सञ्चालन गरिनेछ ।
- सबै प्रकारका भौतिक पुर्वाधारहरुको योजना तर्जूमा प्रक्रिया देखी सम्पन्न भएर हस्तनान्तरण प्रक्रिया सम्म आईपुग्दा सार्वजानीक सूनूवाई, सामाजिक परिक्षण जस्ता प्रक्रियाहरु मार्फत अनूगमन तथा मूल्याङ्कन गरिनेछ ।
- यातायात सेवालाइ व्यवस्थित र भरपर्दो वनाउन नियमित अनुगमन गरिने छ।
- घर निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गरेर मात्र घर निर्माण गर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ ।

# खण्ड -३

## साँफेबगर नगरपालिकाको आ.व २०७७/७८ को प्रस्तावित आय व्यय

उपस्थित आदरणीय नगरसभा सदस्यहरु

आगामी आ.व. ०७७।०७८ को नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट समग्र नगरबासीहरुको आर्थिक र सामाजिक विकासमा प्रत्यक्ष योगदान पुग्नेछ भन्ने मैले विश्वास लिएकीछु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तयार गर्न विभिन्न कोणबाट सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, साँफेबगर नगरपालिका नगरकार्यपालिकाका सदस्यज्युहरु, नगर सभाका सदस्यज्युहरु, नगरस्तरीय राजनैतिक दलका प्रमूख तथा प्रतिनिधीज्युहरु,सञ्चारकर्मी, साँफेबगर नगरपालिकाका राष्ट्रसेवक कर्मचारी साथीहरु लगायत सम्पूर्ण नगरवासीहरुलाई विशेष धन्यवाद दिंदै यसको सफल कार्यान्यिनमा समेत यहाँरुको उल्लेखनीय सहयोगको अपेक्षा राख्दै आफ्नो तर्फबाटयसको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

उपस्थित नगरसभा सदस्यज्युहरु,

साँफेबगर नगरपालिकाको आ.व.२०७७/७८ को लागि पाँचौं नगरसभा सञ्चालनको यस गरिमामय सभा समक्ष साँफेबगर नगरपालिकाले लिएको रणनैतिक आवधिक योजनाको दूरदृष्टिको रुपमा रहेकोसन्तूलित विकास, सम्मानित जिवन, समावेशी पुर्वाधार प्रविधि तथा वातावरणीय सन्तूलन सहित समाजवाद उन्मूख साँफेबगर नगरको रुपमा आगामी आ.व.मा सञ्चालन गरिने गतिविधीहरुको लागि विनियोजन भएको जम्मा बजेटको शारांश यस गरिमामय सभामा प्रस्तूत गर्दछु।

# क ) आय अनुमान तर्फ :

## आ.व २०७७/७८ को लागि राजश्व तथा अनुदान प्राप्तिको आय अनुमान प्रक्षेपण

| आर्थिक बर्ष०७७.७८को लागी कूल बजेट | ६०८५५६६४०।०० |
|---|---|
| गत बर्षको नगद मौज्दात | ०।००० |
| आन्तरिक राजश्व आम्दानि | ११००००००।०० |
| संघीय सरकार सशर्त अनुदान | ३६७१००००।०० |
| संघिय सरकार वित्तीय समानीकरण | ११४००००००।०० |
| संघीय सरकार राजश्व बाडफाड प्राप्ति | ९४७८०६४०।०० |
| प्रदेश सरकार वित्तीय समानीकरण | ७१३४०००।०० |
| प्रदेश सरकार विशेष अनुदान | ६८००००००।०० |
| प्रदेश सरकार समपुरक अनुदान | ७७४२०००।०० |
| प्रदेश सरकार राजश्व बाडफाड | ०।०० |

# ख ) व्यय अनुमान तर्फ :

## अ.व.२०७७/७८को व्यय अनुमान

| चालुखर्च | | आ.व.२०७७/७८ को अनुमान | श्रोत | | | |
|---|---|---|---|---|---|---|
| | | | | अन्तरसरकारी वित्तीय हस्तान्तरण | | |
| खर्च शिर्षक नं | खर्चकोशिर्षकनाम | | अन्तरिक श्रोत | नेपालसरकार वित्तीय समानीकरण अनुदान | प्रदेशसरकार वित्तीय समानीकरण अनुदान | राजश्व बाडफाड |
| २१११ १ | कर्मचारी पारिश्रमिक | १९५००.००० | ० | ५०००.००० | ० | १४५०० |
| २१११ २ | पदाधिकारी पारिश्रमिक | १२०००.००० | २०० | ०.००० | ० | ११८०० |
| २११२ १ | कर्मचारी पोशाक | ५५०.००० | ० | ०.००० | ० | ५५० |
| २११३ १ | स्थानीय भत्ता | ३९६०.००० | ० | ०.००० | ० | ३९६० |
| २११३ २ | महंगी भत्ता | १३५०.००० | ० | ०.००० | ० | १३५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २११३ ३ | फिल्ड भत्ता | १५१८.००० | ० | ०.००० | ० | १५१८ |
| २११३ ९ | कर्मचारी अन्य भत्ता | ५००.००० | ० | ०.००० | ० | ५०० |
| २११४ १ | पदाधिकारी बैठक भत्ता | १२००.००० | ० | ०.००० | ० | १२०० |
| २११४ २ | पदाधिकारी अन्य सुविधा | ६००.००० | ० | ०.००० | ० | ६०० |
| २२११ १ | पानि तथा बिजुली | ६००.००० | ० | ०.००० | ० | ६०० |
| २२११ २ | संचार महशुल | १०००.००० | ० | ०.००० | ० | १००० |
| २२२१ १ | ईन्धन (पदाधिकारी ) | ५००.००० | ० | ०.००० | ० | ५०० |
| २२२१ २ | ईन्धन (कार्यालय प्रयोजन तथा विकास निर्माण) | ५०००.००० | ० | ०.००० | ० | ५००० |
| २२२१ ३ | सवारी साधन मर्मत खर्च | २०००.००० | ० | ०.००० | ० | २००० |
| २२२१ ४ | बिमा तथा नबिकरणखर्च | ५००.००० | ० | ०.००० | ० | ५०० |
| २२२२ १ | मेशिनरीतथा औजार औजार मर्मत सम्भार | ५००.००० | ० | ०.००० | ० | ५०० |
| २२३१ १ | मसलन्द तथा कार्यालय सामान्ग्री | १५००.००० | ० | ०.००० | ० | १५०० |
| २२१३ ५ | छपाई तथा सुचना प्रकाशन खर्च | ८००.००० | ० | ०.००० | ० | ८०० |
| २२१३ ९ | अन्य कार्यालय संचालन खर्च | १५००.००० | ० | ०.००० | ० | १५०० |
| २२४१ १ | सेवा तथा परामर्श खर्च | ५००.००० | ० | ०.००० | ० | ५०० |
| २२४१ २ | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ८००.००० | ० | ०.००० | ० | ८०० |
| २२४१ ९ | अन्य सेवा शुल्क | १६१००.००० | ७६६६. | ०.००० | ० | ८४३४ |
| २२५१ १ | कर्मचारी तालिम खर्च | ३००.००० | ० | ०.००० | ० | ३०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२५१ २ | सिप बिकास तथा जनचेतना तालिम तथा गोष्टि सम्बन्धि खर्च (कपाल देखिकम्प्युटर तालिम ) | २५००.००० | ० | ०.००० | ० | २५०० |
| २२५२ २ | कार्यक्रम खर्च | १००२.६४० | ० | ०.००० | ० | १००२.६४ |
| २२६१ १ | अनुगमन मुल्याकन खर्च | १५००.००० | ० | ०.००० | ० | १५०० |
| २२६१ २ | भर्मन खर्च | २००.००० | ० | ०.००० | ० | २०० |
| २२६१ ३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भर्मन खर्च | ५००.००० | ० | ०.००० | ० | ५०० |
| २२७१ १ | बिबिध खर्च | २०००.००० | ० | ०.००० | ० | २००० |
| २२७२ १ | नगर सभा संचालन खर्च | १५००.००० | ० | ०.००० | ० | १५०० |
| २५३१ १ | शैक्षिक संस्था संचालन अनुदान | ५०००.००० | ० | ०.००० | २५०० | २५०० |
| २५३१ २ | शैक्षिक छात्रवृति र सहयोग | १०००.००० | ० | ०.००० | ० | १००० |
| २८१४ २ | घर भाडा | १०००.००० | ० | ०.००० | ० | १००० |
| २८१४ ३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | ५००.००० | ० | ०.००० | ० | ५०० |
| | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १२३००.००० | ० | ०.००० | ४१३४ | ८१६६ |
| | अति विपन्न सहायता | २०००.००० | ० | ०.००० | ० | २००० |
| | भैपरी आउने चालु खर्च | २०००.००० | ० | ०.००० | | २००० |
| | बयलपाटा अनुदान | ७०००.००० | | ६५००.००० | ५०० | ० |
| | विषयगत शाखा - पशु | २०९२.००० | | ९२.००० | | २००० |
| | बहु क्षेत्रीय पोषण | २०००.००० | | | | २००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नगर प्रमुख जनता आवास मर्मत कार्यक्रम | ३०००.००० | | | | ३००० |
| | गर्भवती संग नगर उप-प्रमुख कोशेली कार्यक्रम | १०००.००० | | | | १००० |
| | जम्मा | १२०८७२.६४० | ७८६६.००० | ११५९२.००० | ७१३४.०००<br>० | ९४२८०.६४<br>० |
| **कुल जम्मा चालु खर्च(क)** | | १२०८७२.६४० | ७८६६.००० | ११५९२.००० | ७१३४.००<br>० | ९४२८०.६४<br>० |
| **पुँजीगत खर्च** | | | | | | |
| | **फर्निचरतथा फिक्चर्स** | १००० | ५०० | ५०० | ० | ० |
| | **ट्रेलर खरिद** | ५५०० | ० | ५५०० | ० | ० |
| | **मेसिनरी औजार** | १५०० | ५००.००० | १००० | ० | ० |
| | **खेलकुद विकास खर्च** | २००० | ६३४ | १३६६ | ० | ० |
| | **भैपरी आउने पुँजीगत खर्च** | ५०००.०० | ५०० | ४५०० | ० | ० |
| | **१.समपूरक कोष** | ७७४२ | ० | ७७४२ | ० | ० |
| | **२.नगर स्तरीय एफ.एमसंचालन तथा व्यावस्थापन** | १००० | ५०० | ५०० | ० | ० |
| | **३.सडक पूर्वाधारविकास ( निर्माण तथा मर्मत )** | ४००० | ५०० | ३५०० | ० | ० |
| | **४.जल विद्युत - निर्माण तथा लाइन प्रसारण** | २००० | ० | २००० | ० | ० |
| | **५.विपद व्यावस्थापन - तटबन्धन निर्माण** | १००० | ० | १००० | ० | ० |
| | **६.खानेपानी पूर्वाधार विकास** | ४००० | ० | ४००० | ० | ० |
| | **७..सेलखेतझुलुंगेपूल मर्मत -बाब्ला** | २०० | ० | २०० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८. लैंगिक समानता रसामाजिक समाबेसिकरण | १००० | ० | १००० | ० | ० |
| | ९.पर्यटनप्रबर्द्दन | २५०० | ० | २००० | ० | ५०० |
| | १०.सहकारी ब्याबस्थापन र तालिम | ३०० | ० | ३०० | ० | ० |
| | ११.डी.पी.आर निर्माण | २००० | ० | २००० | ० | ० |
| | १२.एयरपोर्ट बजार पार्क निर्माण | १००० | ० | १००० | ० | ० |
| | १३.कृषि प्रतिक्षालय निर्माण | १००० | | १००० | | |
| | नगरस्तरीय जम्मा पुँजीगत खर्च (A) | ४२७४२ | ३१३४ | ३९१०८ | ० | ५०० |
| | वडा कार्यालयको(पुँजीगत) बिकास बजेट (C) | ६३३००.००० | ० | ६३३००.००० | ० | ० |
| | जम्माविनियोजित खर्च(क+ख) | २२६९१४.६४० | ११०००.००० | ११४०००.००० | ७१३४.००० | ९४७८०.६४० |

**आ.व २०७७.७८ मा वडा कार्यालयको बजेट सिलिंग -रु. हजारमा)**

| वडा नं | वडाको नाम | पुँजीगत बजेट सिलिंग |
|---|---|---|
| १ | बैजनाथ | ३६००।०० |
| २ | जाल्पादेवी | ४६००।०० |
| ३ | शिद्धेश्वर | ६०००।०० |
| ४ | मष्टामाडौं | ५४००।०० |
| ५ | नवाठाना | ४२००।०० |
| ६ | भागेश्वर | ३४००।०० |
| ७ | रिडीकोट | ३८००।०० |
| ८ | चण्डिका | ४३००।०० |
| ९ | बुढाकोट | ४७००।०० |
| १० | घुघुरकोट | ५१००।०० |
| ११ | देवीस्थान | ४५००।०० |
| १२ | खप्तड | ३९००।०० |
| १३ | बाब्ला | ४९००।०० |
| १४ | पातलकोट | ४९००।०० |
| **जम्मा** | | ६३३००।०० |

अध्यक्ष महोदय,

अन्त्यमा, नीति कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागी यस सभामा उपस्थित नगर सभासदज्यूहरुको सल्लाह तथा सुझावको अपेक्षा गरेको छु । प्रस्तुत, नीति कार्यक्रम र बजेट तर्जुमा गर्ने क्रममा विभिन्नि सात वटा चरणहरु पार गरी नीति कार्यक्रम र बजेट तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरी सहयोग पुर्याउनुहुने राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यकम तर्जुमा समिति र विषयगत समितिका पदाधिकारी एवं सम्बद्धसम्पूर्ण राष्ट्रसेवक कर्मचारी सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति कार्यक्रम तथा बजेटले यस नगरपाकिाको सन्तुलित विकासमा फलदायी हुने कुरामा विश्वस्त भई यसको सफल कार्यान्वयनमा यहाँहरुको निरन्तर रचनात्मक सहयोग, प्रेरणा, सल्लाह, र सुझावको अपेक्षा गर्दछु ।

**धन्यवाद ।**

**बिर्मला देवी बुडथापा**

नगर उप-प्रमुख

**साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**

**साँफेबगर, अछाम**

दिनांक २०७७ साल आषाढ १० गते बुधबार